

## गुफाबासीका प्याजी प्रधानमन्त्री

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक–६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३–५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com

**आवश्यकता**

**पाथीभरा कृषि फर्म दमक**का लागि कामदार (महिला/पुरुष)को आवशयकता भएकाले इच्छुकले सम्पर्क राखनु होला ।

उमेर : २० देखि ४५ वर्ष सम्म
शिक्षा : साधारण लेखपढ गर्न सक्ने
शीप सिकेर विदेश जानेको लागि अनुभवको प्रमाणपत्र समेत दिईनेछ ।

सम्पर्क :
प्रेमबहादुर बेघा
सम्पर्क : ९८६२२२२२०४, दमक–१, झापा

❑ **वर्ष-२१** ❑ अंक - १३३ ❑ २०८३ जेठ ०४ गते सोमबार ❑ Monday, 18 May 2026 ❑ मूल्य ७ /-



अन्तर्राष्ट्रिय नेपाली सेफ सोसाइटीले दमकमा आयोजना गरेको दुई दिने फूड फेस्टिभल (२०२६ समापनमा शनिवार कोशी प्रदेशका पर्यटन मन्त्री भीमप्रसाद पराजुलीसँग तस्बिर खिचाउँदै नेपाली सेफहरु । नेपाली खाद्य परिकारहरु अन्तर्राष्ट्रिय जगतमा चिनाउने उद्देश्यले सञ्चालित फुड फेस्टिभलमा विश्वका ४५ देशका १०० बढी सेफहरूको सहभागिता रहेको थियो ।

## कुलो विवादमा दाजुभाइको हत्या

नुवाकोटको म्यागम गाउँपालिका(४ किम्ताङ बेसीका दाजुभाइ ४३ वर्षीय समराज तामाङ र ३६ वर्षीय सूर्यमान तामाङको हत्या भएको घटनामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

प्रहरीका अनुसार कुलो निर्माणको ठेक्का विवादका कारण हत्या भएको प्रारम्भिक निष्कर्ष छ। वैशाख २९ मा घरबाट निस्किएका दाजुभाइको शव भोलिपल्ट किम्ताङ खोलाको किनारमा ढुङ्गाले छोपिएको अवस्थामा फेला परेको थियो। हत्यामा संलग्न बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा पैदलयात्रीको मृत्यु

कमल । झापाको कमलमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

शनिबार साँझ कमल गाउँपालिका १ इट्टाभट्टास्थित भित्री सडकखण्डमा सोलमारीबाट केर्खातर्फ आउँदै गरेको मोटरसाइकलले पैदलयात्री कमल १ बस्ने बर्ष ७० का शंकरप्रसाद ढुङगानालाई ठक्कर दिएको थियो ।

गम्भीर घाइते बाँकी ४ पेजमा ▸▸

### चिया निर्यात ठप्प

# प्रधानमन्त्रीको पहलको पर्खाईमा उद्योगी

पूर्वसन्देश समाचार

दमक/ दुई साता देखि चिया निर्यात ठप्प भए पछि उद्योगी तथा किसानहरू प्रधानमन्त्री बालेन्द्र शाहको भुमिकाको पर्खाइमा रहेको जनाएका छन् । व्यवसायीहरूको तर्फबाट पटक पटक प्रयास गरे पनि निर्यात सहज हुन नसके पछि उनीहरूले सरकारको उच्च स्तरबाटनै पहलकदमीको जरूरी रहेको बताएका हुन् ।

नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीले दुई साता देखि चिया निर्यात ठप्प भएको जनाएका छन् । यस विचमा व्यवसायीहरूको तर्फबाट सहजीकरणको प्रयास भए पनि समाधान हुन नसकेकाले सरकारको उच्च स्तरबाटनै सहजीकरण गरि दिनु पर्ने उनले जनाए । भारत सरकारले मे १ देखि लागू हुने गरी चिया आयातमा नयाँ र अव्यावहारिक नीति लागू गरेपछि ठप्प बनेको चिया निर्यात कहिलेबाट खुल्छ वा सधैंका लागि बन्द हुन्छ भन्ने अन्योलले चिया क्षेत्र त्रसित बनेको छ ।

नेपालबाट चिया बोकेर भारतीय नाका पुग्ने प्रत्येक गाडीबाट नमूना संकलन गर्ने, त्यसलाई प्रयोगशाला परीक्षणका लागि कोलकाता पठाउने र रिपोर्ट नआएसम्म बिक्री गर्न नदिने नियमको मारमा नेपालको चिया परेको हो । नेपालको 'चिया हब' मानिने कोशी प्रदेशका तराई तथा पहाडी जिल्लाहरूमा यतिबेला चियाको हरियो पत्ती टिप्ने धमाधम छ । प्रि(मनसुनमा नियमित अन्तरमा भइरहेको वर्षाले हरियो पत्तीको उत्पादन पनि ह्वात्तै बढेको छ । चैत र वैशाख महिनाभरि टिपिने हरियो पत्ती चियाको गुणस्तरका लागि सबभन्दा राम्रो मानिन्छ । त्यसैले बगानबाट टिपिएको पत्ती प्रशोधन गरेर तयारी चिया बनाउन उद्योगहरु व्यस्त छन् । तर वर्षभरिकै सबभन्दा राम्रो गुणस्तरको चिया उत्पादन हुने बेला गुणस्तरकै प्रश्न उठाएर भारतले नेपालको तयारी चियाको आयात रोकेको दुई साता भन्दा बढि भएपछि बाँकी ४ पेजमा ▸▸

# महाधिवेशनको तयारीमा राप्रपा

दमक/ राप्रपा केन्द्रीय कार्यसम्पादन समिति बैठकले पार्टीको आगामी महाधिवेशनको कार्यतालिका प्रस्ताव गर्न समिति गठन गरेको छ । महाधिवेशनको मिति तत्काल तोक्न माग गर्दै आएका असन्तुष्ट समूहका नेता एवं महामन्त्री धवलशमशेर राणासमेतलाई समेटेर राप्रपाले शुक्रबार मिति प्रस्ताव गर्न समिति गठन गरेको हो ।

पार्टी उपाध्यक्ष हेमजंग गुरूङ, महामन्त्री धवलशमशेर राणा र सहमहामन्त्री प्रकाश रिमाल रहेको समितिलाई आगामी बैठकमा महाधिवेशनको मितिसहितको कार्यतालिका पेस गर्ने जिम्मेवारी दिएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । राणाले शुक्रबारको बैठकमा आगामी महाधिवेशनको मिति तोक्न माग गरेका थिए ।

तर, अध्यक्ष राजेन्द्र लिङ्देनले २५ जिल्लाको अधिवेशन मात्र सम्पन्न भएको अवस्थामा केन्द्रीय महाधिवेशनको मिति तोक्नु व्यावहारिक नहुने टिप्पणी गरेका थिए । त्यसपछि लिङ्देनले नै तीनजना नेतालाई जिम्मेवारी दिने प्रस्ताव गरेका थिए, जसलाई बैठकले अनुमोदन गरेको छ । असन्तुष्ट नेता राणासमेतलाई महाधिवेशनको जिम्मा दिएपछि पार्टीभित्रको विवाद तत्कालका लागि पछि सरेको एक नेताले टिप्पणी गरे । श्रेष्ठका बाँकी ४ पेजमा ▸▸

## विवादपछि बाहिरिए कमल थापा



दमक । काठमाडौंको ललितपुरस्थित हिमालय होटलमा आयोजित 'वैदिक सनातन हिन्दु अधिराज्य नेपाल' विषयक विचार गोष्ठीमा पूर्व राप्रपा अध्यक्ष कमल थापा माथि नाराबाजी र गालीगलौज भएपछि उनी कार्यक्रमबाट बाहिरिएका छन्।

कार्यक्रममा मन्तव्य सकिएलगत्तै केही राजावादी युवाले विरोध जनाएका थिए। प्रश्न सोध्ने क्रममा जेनजी युवा सुरेन्द्रजंग थापाले विभिन्न आरोप लगाएपछि वातावरण तनावपूर्ण बनेको बताइएको छ। विवादका क्रममा क्यामरा तेर्साएर भिडिओ खिचिएको भन्दै कमल थापा आक्रोशित बनेका थिए। थापा पक्षका अनुसार अनिष त्रिपाठी नामका युवकले अभद्र व्यवहार गरेपछि थापाले उनको घाँटी समाएका थिए। त्यसपछि अन्य सहभागीले थापालाई कार्यक्रमस्थलबाट बाहिर निकालेका थिए। घटनापछि राप्रपा प्रवक्ता मोहन श्रेष्ठले प्रश्न गर्ने नाममा भएको अभद्र व्यवहारप्रति दुःख व्यक्त गरेका छन्।

# संगठन विस्तार गर्दै श्रम संस्कृति पार्टी

दमक/ श्रम संस्कृति पार्टीले कोशी प्रदेशमा संगठन विस्तारलाई व्रिता दिएको छ । यसै क्रममा धरानमा आयोजीत भेलाबाट प्रताप राईको अध्यक्षतामा प्रदेश समिति निर्माण गरिएको छ ।

समितिको उपाध्यक्षमा प्रतिभा सेर्ख अन्सारी (सुनसरी), दुर्गा पोखरेल (मोरङ), एमके राई (सुनसरी) र राजेश दुलाल (इलाम) निर्वाचित भएका छन् । सचिवमा दीपक तिम्सिना (झापा) चयन हुँदा सह(सचिवमा नवीन राई, इन्द्रा राई (भोजपुर) र मनोज जिमी (संखुवासभा) चयन भएका छन् । त्यसैगरी कोषाध्यक्षमा प्रमाण राई (पाँचथर), सह(कोषाध्यक्षमा थोमस कुलुङ (सोलुखुम्बु) र सिता राई बाँकी ४ पेजमा ▸▸

## एमालेले मनायो मदन-आश्रीत दिवश

दमक/ नेकपा एमालेले विभिन्न कार्यक्रम गरि आईतबार ३३ औं मदन आश्रीत स्मृति दिवश मनाएको छ ।

२०५० साल जेठ ३ गते दाशढुंगामा भएको रहस्यमयी दुर्घटनामा निधन भएका तत्कालिन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रीतको स्मृतिमा हरेक वर्ष एमालेले विभिन्न कार्यक्रम गर्दै आएको छ । यसै क्रममा आईतबार मदन नगर बल्खुमा आयोजीत बाँकी ४ पेजमा ▸▸

# सिंहदेवीमा उद्यमशीलता तालिम शुरू

दमक । दमक १० स्थित सिंहदेबी माध्यमिक बिद्यालयले बिद्यालयस्तरबाटनै पहिलो पटक उद्यमशीलता तालिम दिन थालेको छ ।

दमक नगरपालिकाको आर्थिक सहयोगबाट बिद्यालयले बिद्यार्थी लक्षित विद्युत जडान सम्बन्धिको तालिम शुरू गरेको हो । सो तालिम शुक्रबारबाट बिद्यालयमा शुरू गरिएको हो । बिद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानसंगै बिद्यालयस्तरबाटनै जीवन उपयोगी ब्यवहारिक ज्ञानदिने उद्देश्यले प्रयोगात्मक तालिम शुरू गरिएको प्रधानाध्यापक सोमनाथ बरालले बताए ।

आधारभुत तालिम अन्तर्गत पहिलो चरणमा कक्षा १० देखि कक्षा १२ सम्मका ३० जना बिद्यार्थीहरूलाई समाबेश गरिएको प्रधानाध्यापक बरालले जानकारी दिए । दमक नगरपालिकाको शिक्षा सुधार कार्यकम अन्तर्गत पहिलो चरणमा १ लाख रूपैयाको आर्थिक सहयोगबाट तालिम दिन शुरू गरिएको जनाइएको छ ।

बाँकी ४ पेजमा ▸▸

## बुटवलमा सुकुम्बासी आन्दोलन

दमक । रुपन्देहीको बुटवलमा भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले आन्दोलन गरेका छन् । १२ राजनीतिक दलको ऐक्यबद्धतामा आयोजित सो आन्दोलन सरकारको डोजर अभियानविरूद्ध आन्दोलन भएको जनाइएको छ । बाँकी ४ पेजमा ▸▸

**आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!**

यस **आरम्भ कम्प्युटर प्रा लि** दमकका लागि केही दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकता भएकाले इच्छुकले आवेदन दिनुहोला ।

**१ कम्प्युटर टेक्निसियन** - संख्या ३
◆ सम्बन्धित काममा दक्ष
◆ दुई वर्षसम्मको अनुभव भएको
◆ +२ सम्मको पढाइ भएको
◆ तलब २५ हजार + बोनस
◆ सवारी लाइसेन्स भएको वा कुदाउन जान्ने हुनुपर्नेछ।

**२ कम्प्युटर टेक्निसियन सहायक** - **संख्या ५**
◆ काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विद्यार्थी वर्गका लागि)
◆ एसईई सम्मको पढाई भएको ।
◆ तलब १५००० + बोनस ।

**३ सेल्स पर्सन** - **संख्या २**
◆ अफिस/पसल वा मार्केटिङमा दुई वर्षसम्म काम गरेको मिनिमम योग्यता हुनुपर्नेछ
◆ तलब २५ हजारदेखि ४० हजारसम्म ।

**४. सेल्स असिस्टेन्ट** - **संख्या ५**
◆ काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विद्यार्थी वर्गका लागि)
◆ तलब १५००० बोनस दिइनेछ ।

**आवश्यक कागजातहरु**
◆ नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
◆ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
◆ सम्बन्धित कामको योग्यताको प्रमाणपत्र
◆ हस्तलिखित निवेदन (अनिवार्य)

**नोट** : टाढाबाट आउनेलाई आवासको पनि व्यवस्था गरिनेछ। कृपया CV बनाई मेल वा whatsapp गर्न सक्नुहुनेछ।

**सम्पर्क**
**आरम्भ कम्प्युटर प्रा लि**
**दमक–६, झापा, फोन ०२३–५७६२४६, ९८५२६७६२४६**

## पेन्टीभित्र लुकाएर लागुऔषध

दमक ।भारतबाट पेन्टीभित्र लागूऔषध लुकाएर ल्याउने एक युवक पक्राउ परेका छन् ।

हिजो दिउँसो २:३० बजे मेचीनगर ६ पुरानो मेची पुलमुनि पैदल मार्ग हुँदै भारतबाट नेपालतर्फ हिड्दै आउँदै गरेका कमल गाउँपालिका वडा नं. ६ त्रिवेणी चौक बस्ने १८ वर्षीय विवेक यादवले पेन्टीभित्र लागूऔषध लुकाएर ल्याएका थिए । इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले शंका लागेर शरीर तलासी लिने क्रममा यादवले लगाएको जिन्स पाइन्टको पेन्टीभित्र लुकाएर ल्याएको प्लाष्टिकबाहेक १४ ग्राम ६६० मिलिग्राम ब्राउन सुगर बरामद भएको थियो ।



# सम्पादकीय

## पूर्वाधार निर्माणमा ढिलाई र निराशा

नेपालमा कयौं राष्ट्रिय गौरव, राष्ट्रिय महत्व तथा रणनीतिक महत्वका आयोजनाहरू सञ्चालित छन् । तर ति आयोजना र योजनाहरू शुरू भएको दशकौं भई सक्दा पनि अपेक्षित गति नलिनुले नागरिकमा निराशा पैदा गराई रहेको छ ।

यसरी दशकौं देखि प्रतिक्षा गरिएको राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्ग पनि हो । पूर्वको झापा देखि पश्चिम महाकाली सम्मको तराई भागलाई एउटै सडक सञ्जालमा जोड्ने यो महत्वकांक्षी योजनाको कयौ भाग अझै पनि विवादमा छ । कतै बनि पनि सकेको छ भने कतै पुलहरू अलपत्र हुँदा उपयोगमा आउन सकेको छैन । झापामानै पनि कन्काई पुल अलपत्र भएको डेढ दशक भई सक्यो भने कालोपत्रे भएको कतिपय खण्डमा भत्किन पनि थालि सकेको छ । यसरी सडक एका तर्फ बन्दै जाने र अर्को तर्फबाट भत्किदै जाने हो भने त नेपाली उखान, 'हिँड्दैछ पाईला मेट्दैछ' भने जस्तो भई हाल्यो नि । त्यसैले थालिएका योजनाहरूलाई तिव्रता दिन एकातर्फ आवश्यकता छ भने निर्माण कार्य अघि देखि निर्माण पूरा भईन्जेल गुणस्तरीयताको सवालमा पनि ध्यान दिन आवश्यक छ ।


विकास योजनाले अपेक्षित गति लिन नसक्नुका पछाडि विभिन्न कारण छन् । बजेट अभाव, कमजोर योजना निर्माण, ठेकेदारको लापरबाही, राजनीतिक अस्थिरता र अनुगमनको कमजोरी प्रमुख कारण मानिन्छन् । तर, सरकारी निकायबीचको समन्वय अभाव पनि उत्तिकै गम्भीर समस्या हो । कतिपय स्थानमा सडक विस्तारको काम भइरहँदा विद्युत्का पोल समयमै सारिँदैनन् । कतै रूख कटानको अनुमति नआउँदा आयोजना रोकिन्छन् । एउटा निकायले काम अघि बढाउन खोज्दा अर्को निकायको ढिलासुस्तीले परियोजना महिनौं र वर्षौंसम्म अलपत्र पर्ने अवस्था सिर्जना भएको छ ।

यसले विकासको गति मात्र रोकिएको छैन, नागरिकको दैनिक जीवन पनि प्रभावित भएको छ । निर्माणाधीन सडकका कारण धुलो, हिलो र दुर्घटनाको जोखिम बढेको छ । समयमै काम सम्पन्न नहुँदा लागतसमेत बढ्दै गएको छ, जसको भार अन्ततः राज्य र जनतामाथि नै पर्छ । अब सरकारले विकास निर्माणलाई उच्च प्राथमिकतामा राखेर प्रभावकारी समन्वयको वातावरण बनाउन आवश्यक छ । विभिन्न सरकारी निकायबीच स्पष्ट जिम्मेवारी निर्धारण, नियमित समन्वय बैठक र द्रुत निर्णय प्रक्रियालाई लागू गर्नुपर्छ ।

समयमै आयोजना सम्पन्न हुने वातावरण बनेमा मात्र नागरिकमा बढ्दो निराशा हट्न सक्छ । विकासको प्रत्यक्ष अनुभूति दिलाउन सके राज्यप्रति जनविश्वास पनि बलियो बन्नेछ ।

# सामाजिक सञ्जाल

## केपी शर्मा ओलीको सम्झनामा मदन भण्डारी



जेठ ३ गते मदन- आश्रितको ३३ औं स्मृति दिवस । ३३ वर्ष अगाडि दासढुंगामा भएको रहस्यमय घटनामा हामीले श्रद्धेय जननेता मदन भण्डारी र जीवराज आश्रितलाई गुमायौं ।

घाउहरू पुराना भए पनि समय बित्दै जाँदा तिनको दुखाइका स्मृति झन् गाढा हुँदारहेछन्, अभावहरू झन् गहिरिँदा रहेछन् । जननेता मदन भण्डारी मेरो नेता, साथी, सहयोद्धा- सबै हुनुहुन्थ्यो । जीवराज आश्रित कुशल संगठक हुनुहुन्थ्यो । मदन भण्डारी हाम्रो आन्दोलनलाई नयाँ वैचारिक भाष्य दिने जनताको बहुदलीय जनवाद निर्माणका अगुवा हुनुहुन्थ्यो। त्यस दौरानमा उहाँको विश्वास र अभिन्न निकटतामा रहेर काम गरेको सम्झना भइरहेको छ । जनताको बहुदलीय जनवाद, जसले विचारलाई युग अनुरूपको मौलिक परिष्कार दियो, आन्दोलनलाई बलियो आवाज दियो र परिवर्तनको सपनालाई जनताको जीवनमा पुर्‍याउने मार्गचित्र दियो । त्यसलाई हामीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने अभियानका रूपमा अघि बढायौं । पछिल्लो दशकमा हाम्रो त्यस अभियानले मानवीय र भौतिक पूर्वाधारको विकासमा परिवर्तन पनि ल्याउन थालेको थियो ।

मदन भण्डारी- जीवराज आश्रित, अनि यस आन्दोलनले जन्माएका कयौं अग्रज र योद्धाहरू आज हामीमाझ शारीरिक रूपमा हुनुहुन्न । तर विचार र योगदान हाम्रो राजनीतिक यात्रामा दीपस्तम्भझैं छन् । जनताको बहुदलीय जनवाद एक सिजनको लोकप्रियता आर्जन गर्ने औजार होइन, यथार्थको धरातलमा टेकेर उभिएको विचार हो । मदनलाई सम्झँदा केवल एउटा नेता वा मित्र गुमाएको पीडा मात्र होइन, एउटा युगद्रष्टा सहयोद्धा गुमाएको अनुभूति हुन्छ । जनताको बहुदलीय जनवादको वैचारिक विरासतले हामीलाई अझै पनि निरन्तर अगाडि बढ्न, विचलित नभई जनताको पक्षमा उभिन, र परिवर्तनको यात्रालाई अधुरो हुन नदिन प्रेरित गरिरहेकै छ । प्रिय मदन( आश्रित, हार्दिक श्रद्धाञ्जली, उच्च सम्मान !

# गुफाबासीका प्याजी प्रधानमन्त्री



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**ती मान्छेले पनि 'सूर्यको वास्तविक प्रकाश' लाई 'यो प्रकाश नै होइन, यो फेक हो' भनेर छाँयाँलाई नै वास्तविक प्रकाश मानेर युगौंयुग बिताएका थिए ।**

आज म यो एउटा क्रुर समयको रेखामा उभिएर बोलिरहेको छु । यो समयले के मागेको छ भनेर लेखाजोखा गर्न पनि कहाली लाग्छ । समयभन्दा बलियो कोही पनि छैन, थाहा छ । समयभन्दा अकल्पनीय चिज केही पनि छैन, त्यो पनि थाहा छ । समयभन्दा लोभलाग्दो चिज अर्को कुनै छैन, त्यो पनि थाहा छ । समयभन्दा उटपट्याङ्ग चिज अर्को कुनै छैन, त्यो पनि थाहा छ । त्यति हुँदा हुँदै पनि आज म समयको गीत लिएर आएको छु । समयको कथा लिएर आएको छु । समयको नाटक लिएर आएको छु । समयको हाँसो लिएर आएको छु । समयको आँसु लिएर आएको छु ।

यो समयको क्यानभासमा अहिले सबै अकल्पनीय कथा बोकेर आएको सिर्जना भनेको राजनीतिको साहित्य हो । त्यो साहित्य उत्तरवर्ती छ । त्यो साहित्य पाठक केन्द्रित छ । आज यही राजनीतिको साहित्य पढिरहेका छन् आज मान्छे । सामाजिक सञ्जालदेखि पत्रपत्रीका सबै यही साहित्यमा 'लठ्ठ' परेका छन् । ती खोजिरहेका छन् 'प्याज ताछेर त्यसको दिउल' । तिनले प्याजको बोक्रा उप्काइरन्छन् । बिहानदेखि बेलुकासम्म । बेलुकादेखि बिहानसम्म । ती ताछिरहेका छन् अस्तिको चुनाउदेखि । यो सरकार बनेदेखि । यी प्रधानमन्त्री बनेदेखि । यो मन्त्री मण्डल बनेदेखि । 'आगो' भएर तास्छन् प्याजको बोक्रा । रातो न पिरो हुन्छन् । कराउँछन् । माइतीघर मण्डला 'कब्जा' गर्छन् घरिघरि । वरिपरि 'युटुवे' हरु राख्छन् । प्रचार गर्न हर प्रयत्न गर्छन् । अनि गालीको बर्षा बर्षाउँछन् । अनेक थरिका नाम राख्छन् । सराप्छन् । रातारात लागेर 'खुइल्याउने कुनै सूत्र' छकि भनेर खोजिरहन्छन् । अनि आफ्ना अभिव्यक्तिहरु सामाजिक सञ्जालमा कति 'भाइरल' भएर भनेर बेलाबेलामा अनुगमन गरिरहन्छन् ।

कतिवटा बोक्रा ताछि सकियो पत्तो छैन । हिसाव छैन । 'अब त गुदी भेटिएला' कि भन्यो, भेटिँदैन । फेरि अर्को पत्र पो आइदिन्छ । सारा लागेर त्यो पत्र उप्कायो, खुई काढ्यो, हेर्‍यो, फेरि त्यही अर्को पत्र आइदिन्छ । हैरान भइयो ।

प्रधानमन्त्रीलाई सत्तोसराप गर्‍यो, मूर्ती बोल्ला, ऊ बोल्दैन । उसको 'खामोसी' ले बिपक्षीहरूलाई 'नामेट' पारिसक्यो । कामै मात्र गर्छ । बिहानदेखि बेलुकासम । अफिसमै हुन्छ । अरूलाई पनि काम लगाउँछ । कामबाहेक अरु केहीमा ध्यान छैन । कसैको कुरा पनि सुन्दैन । 'कराइरहने कागहरूलाई' बाल पनि दिँदैन । कसैलाई गाली पनि गर्दैन । नकारात्मक भाषा पनि जान्दैन । खुराफाती पनि जान्दैन । कुनै बिदेसी एजेन्टहरूलाई पनि भेट्दैन । सामाजिक सञ्जालमा हरेक पटक 'नेपाली उत्पादन' को 'प्रमो' गरे जसरी आफ्ना फोटा हाल्छ र नेपाली उत्पादनलाई मिनेटमै सारा जनताको मनमा बास गराइदिन्छ । करोडौंको सामाजिक सञ्जालको पोस्टमा पुर्‍याइदिन्छ । 'नेपाली मन' को 'प्रमो' गरिरहन्छ । उसले आफ्नो दलको नामभन्दा देशको नाम धेरै लिन्छ । आफ्नो दलको सभापतिको नामभन्दा देश बनाउने 'पुर्वज' हरूको नाम लिन्छ । अष्ट्रेलियामा २०१९ को आम चुनावबाट प्रधानकन्त्री बनेका स्कट मोरिसनको 'बिजयी' भाषण प्रत्यक्ष सुनेको थिएँ । त्यहाँ उनले ४४ मिनेट बोले, तर एक पटक पनि आफ्नो दलको अध्यक्ष र आफ्नो दलको नाम लिएनन् । उनले हजारौं पटक सिर्फ आफ्नो देशको नाम लिए । 'देश बनाउने प्रधानमन्त्री त यस्ता पो हुन्छन्' भनेर मैले उतिखेरै 'पूर्वसन्देश दैनिकमा' लेख लेखेको थिएँ । थुक घुटुघुटु निलेको थिएँ । मेरो देशले यस्तो प्रधानमन्त्री कहिले पाउला भनेर कल्पना गरेको थिएँ । आज आफ्नै देशको प्रधानकन्त्री त्यही बाटोमा हिंडेको देखें । बालेन शाहलाई स्कट मोरिसनको बिम्बमा देखिरहेको छु म अहिले । यिनलाई दलभन्दा देश ठूलो लाग्छ । र हो पनि ।

म सम्झिन्छु हिजोका ती कुरूप समयहरु । अनि ती समयका आयाहरु ।

हिजोका प्रधानमन्त्रीहरु बिहानदेखि बेलुकासम्म आफ्नै 'दलका' मान्छेहरूसंग जनतालाई 'दल्न' सिकाउँदै तिनैसंग लठारिरहेका हुन्थे । तिनलाई 'कमाउने' बाटो बनाइदिन्थे । तिनैका आफन्त र सुभचिन्तकहरूलाई मात्र भेट्थे । सरकारी निवासलाई 'दलको कार्यालय' बनाउँथे । सरकारी कार्यालय सिंहदरबार कहिलेकहीं मात्रै जान्थे । त्यहींबाट 'देश चलाउँथे' । त्यहींबाट सरकार बनाउँथे । त्यहींबाट सरकार ढाल्थे । त्यहींबाट दल 'एकीकरण', 'व्दिकरण', 'कहुकरण' अनि फेरि 'बिघटन' गर्थे । त्यहींबाट सबै कुराको 'बाँडफाँड' गर्थे । भाग लगाउँथे 'राज्यका सबै सम्यन्त्र' हरूको । 'बोल्न बाहेक' केही कुरामा ध्यान दिदैनथे । ती सिर्फ बोल्थे । 'गाली शिरोमणी' को पद पनि पाउँथे । तिनले जेमा पनि बोल्थे, बोल्ने पनि बोल्थे, नबोल्ने पनि बोल्थे । प्रहसनमा भन्दा धेरै हँसाउँथे । 'इज्वोइ' हुन्थ्यो तिनले बोल्दा । आफ्ना दलका कार्यकर्ता 'पोस्नु' अहं धर्म सम्झिन्थे । तिनैको 'रक्षा' गर्थे । तिनका कार्यकर्तालाई 'बाह्र हातका ठँगाले' पनि छुँदैन थियो । तिनको का मभनेको सिर्फ आफ्नो दलको नाम लिनु थियो । आफ्नो दलको प्रशंसा गर्नु थियो । आफ्नो दलका सारा कार्यकक्रमहरूमा पुग्नु थियो । तिनलाई 'आश्वासन' दिनु थियो । तिनले 'अपराध' गरे पनि 'छुटाउनु' थियो । अनि तिनै कार्यकर्ताको 'मनमा' बस्नु थियो । तिनैसंग रमाउनु थियो । तिनैको ताली खानु थियो । बस्, यति काम गर्ने मान्छे 'सबैभन्दा योग्य प्रधानमन्त्री' हुन्थ्यो । यति 'योग्य' हुनको लागि तिनले न्यायधिस पनि आफैं हुनुपर्थ्यो । पुलिस प्रशासन पनि आफैं हुनुपुर्थ्यो । वकिल पनि आफैं हुनपर्थ्यो । 'कार्यकर्ता छुटाउ विभाग' माथिदेखि तलसम्म गठन गर्नुपर्थ्यो । अनि यति काम गर्न पाइएन भने 'सरकार ढाल्ने', 'सरकार बदल्ने खेल' सुरु हुन्थ्यो । अनि हामी त्यसलाई 'संबृधिको बाटो', 'समाजवाद उन्मुख' समय भनेर ताली पड्काउँथ्यौं । यस्तै 'दुकान' चल्थ्यो, हामी यस्तैमा रमाउँथ्यौं । प्लेटोको 'गुफामा बस्ने मान्छे' जस्तै । ती मान्छेले पनि 'सूर्यको वास्तविक प्रकाश' लाई 'यो प्रकाश नै होइन, यो फेक हो' भनेर छाँयाँलाई नै वास्तविक प्रकाश मानेर युगौंयुग बिताएका थिए । यतिसम्म कि, ती गुफाबासीमध्ये एउटा मान्छेले गुफाबाट 'बाहिर' निस्किएर वास्तविक प्रकाश देख्छ, र फेरि गुफाभित्र जान्छ र तिनीहरूलाई 'यो प्रकाश त वास्तविक प्रकाश होइन, त्यो त गुफा बाहिर छ । यो त प्रकाशको छाँयाँ मात्रै हो' भन्न मात्र के भ्याउँछ, उसलाई 'पागल' भनेर ती गुफबासीले नै मारिदिन्छन् । रियल प्रकाश देख्नु पनि अभिसाप नै हुन्छ भन्ने पनि हो ।

हामी पनि प्लेटोका 'गुफाबासी' भएछौं जस्तो लाग्छ । त्यही भएर एउटा मान्छेलाई अनेक कुरूप नाम राखेर गाली र सराप दिइरहेका छौं । अनि 'राजीनाम दे' भन्दैछौं । किनकि हिजोका समयका आयामहरु अहिले खोजिरहेका छौं । हिजोका 'मस्ती' खोजिरहेका छौं । हिजोका 'सुविधा' खोजिरहेका छौं । त्यसैले हामीलाई अहिले सत्ताबाट बाहिरिनुको पीडा छ । रातदिन 'ऐँठन' भइरहेको छ । किनभने छाँयाँलाई नै वास्तविक प्रकाश मानेर आइयो सात दशकदेखि । अहिले त त्यो फेक हो पो भन्छन् त, गाँठे । कसरी सहनु ?

त्यही भएर यस्तो लाग्छ, अहिलेको प्रधानमन्त्री गुफाबासीहरूको प्रधानमन्त्री हुन् । यो देश, यो संसार, यो सभ्यता भन्नु नै प्लेटोको त्यो 'गुफा' नै हो ।

दमक, झापा

# एमाले दमक-८ को अक्षयकोषमा १ लाख २३ हजारभन्दा बढी सहयोग घोषणा

मनकुमार गदाल

दमक । नेकपा (एमाले) दमक-८ वडा कमिटीले स्थापना गरेको 'विपद् तथा कार्यकर्ता कल्याण अक्षयकोष'मा १ लाख २३ हजार ५ सय ४० रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता कार्यकर्ताहरूले जनाएका छन् । प्राकृतिक तथा मानवीय विपद्मा परेका कार्यकर्तालाई राहत तथा सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको उक्त अक्षयकोषको घोषणा कार्यक्रमसँगै सहयोग रकम जुट्न थालेको हो ।

वडा कमिटी अध्यक्ष खेमबहादुर श्रेष्ठको अध्यक्षतामा आयोजित 'विपद् तथा कार्यकर्ता कल्याण अक्षयकोष घोषणा तथा अग्रज कार्यकर्ता सम्मान' कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा कोशी प्रदेशसभा सदस्य होमबहादुर थापाले अक्षयकोषको शुभारम्भ गरे । कार्यक्रममा एमाले जिल्ला कमिटी सदस्य तथा अक्षयकोष मस्यौदा समिति संयोजक मनकुमार गदालले ५ हजार रूपैयाँको चेक हस्तान्तरण गर्दै अक्षयकोष अभियानको सुरूवात गरे ।

गदालको परिकल्पनामा स्थापना गरिएको उक्त अक्षयकोषमा दमक-८ का वडा अध्यक्ष धर्मप्रसाद दाहाल 'दिपेश'ले २० हजार रूपैयाँ, वडा कमिटी अध्यक्ष श्रेष्ठले १५ हजार रूपैयाँ, ज्येष्ठ कम्युनिष्ट कार्यकर्ता रघुनाथ खरेलले ७ हजार ५ सय रूपैयाँ, सम्मानित अग्रज कार्यकर्ता रमेश रिजाल, जिल्ला कमिटी सदस्य राम प्रधान, हरिमाया चुडाल, चक्रबहादुर राई, तिर्थ नेपाल, अनु केसी, रत्नबहादुर गजमेर विश्वकर्मालगायतले ५/५ हजार रूपैयाँ सहयोग गर्ने घोषणा गरे ।



त्यस्तै पवित्रा देवी कार्कीले आˆना बुवा देवीप्रसाद रिजालको स्मृतिमा ५ हजार ५ रूपैयाँ, सालिकग्राम रिजालले स्वर्गीय बुवा नन्दराम रिजालको स्मृतिमा ५ हजार रूपैयाँ, कमला घिमिरेले श्रीमान् लक्ष्मीप्रसाद घिमिरेको स्मृतिमा ५ हजार रूपैयाँ तथा पम्फा दाहालले स्वर्गीय भवानीप्रसाद दाहालको स्मृतिमा ५ हजार रूपैयाँ प्रदान गर्ने घोषणा गरेकी छन् । धृतकुमारी निरौलाले पनि ५ हजार रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएकी छन् ।

कार्यक्रममा लामो समयदेखि पार्टीमा योगदान पुर्‍याएका पर्शुराम लुइँटेल, रामचन्द्र भण्डारी, लिलम कटुवाल, इन्द्रप्रसाद ढकाल, रत्नबहादुर गजमेर विश्वकर्मा, रमेश कुमार रिजाल, सुशिला गौतम, बमबहादुर नेपाल र जसोदा देवी रिजाललाई सम्मान गरिएको थियो ।

सम्मानित कार्यकर्ताका तर्फबाट बोल्दै रमेश रिजाल र रत्नबहादुर गजमेरले जीवनमा स्मरणीय दिनमध्ये उक्त दिन विशेष रहेको बताए । प्रमुख अतिथि थापाले कार्यकर्ताको हितका लागि राम्रो कामको सुरूवात भएको बताए । वडा अध्यक्ष दाहालले अक्षयकोष सबैका लागि उपयोगी बन्ने विश्वास व्यक्त गरे । कार्यक्रममा प्रस्तुत गरिएको अक्षयकोषको मस्यौदा समेत पारित गरिएको थियो ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# पूर्वाधारको पर्खाईमा जेफाले



उर्लाबारी/ सहज पूर्वाधारको अभावमा पनि उत्तरी मोरङको जेफाले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण जेफालेमा सामुदायिक होमस्टे सञ्चालनमा छ । सुविधा सम्पन्न नौ वटा घर तयार पारिएका छन् भने पर्यटकका लागि बसोवास, भोजन र स्थानीय संस्कृतिसँग परिचित गराउने पूर्वाधार विकास गरिएको छ । तर सहज सडक र सुरक्षा व्यवस्थाको अभावका कारण सम्भावनायुक्त यो गन्तव्य अझै ओझेलमै परेको छ ।

यो स्थान आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास भई रहे पनि सहज सडक तथा पूर्वाधारको भने खाँचो छ । २०७६ सालमा खोर्साने-केराबारी-सिंहदेवी सडक कालोपत्रेका लागि ठेक्का लागे पनि सात वर्ष बितिसक्दा समेत निर्माण पूरा हुन सकेको छैन । जोखिमपूर्ण यात्रा अझै जारी छ ।

पहिले आˆनै गाउँमै लिन सकिने सामाजिक सुरक्षा भत्ता लिन अहिले स्थानीयलाई २६ किलोमिटर दक्षिण केराबारी बजार झर्नुपर्ने बाध्यता छ । सार्वजनिक यातायात नचल्दा निजी सवारी साधनमै जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । धनकुटाको भेडेटार र नाम्जेलाई समेत बिर्साउने प्राकृतिक सौन्दर्य बोकेको जेफाले पूर्वकै प्रमुख पर्यटकीय गन्तव्य बन्न थालेको छ । यहाँ निर्माण गरिएको भ्यू टावरबाट साविक पूर्वाञ्चलका १६ वटै जिल्लाको दृश्यावलोकन गर्न सकिन्छ । मौसम खुलेको बेला सगरमाथा, कञ्चनजङ्घा र मकालु हिमालका सेता शृत्ला स्पष्ट देखिन्छन् । तलतिर तराईका फाँट, गाउँ र सहरका मनोरम दृश्यले पर्यटकलाई आकर्षित गर्छन् । समुद्री सतहबाट करिब एक हजार ९७० मिटर उचाइमा रहेको भ्यू टावरबाट सूर्योदय र सूर्यास्तको दृश्य विशेष आकर्षक मानिन्छ ।

तत्कालीन जिल्ला विकास समिति मोरङको ३६ लाख ५० हजार, धनकुटा जिविसको ५ लाख, विराट पर्यटन केन्द्र काँकडभिट्टाको २१ लाख तथा स्थानीयको करिब ८ लाख बराबरको जनश्रमदानसहित करिब ७० लाख रूपियाँ लागतमा भ्यू टावर निर्माण गरिएको हो । सिंहदेवीको बिहीबारे बजारबाट करिब तीन सय मिटर उत्तरतर्फ पुगेर एक हजार ४९ वटा सिँढी चढेपछि भ्यू टावर पुगिन्छ ।

जेफाले पर्यटन विकास समितिका सचिव भीम ठकुरीका अनुसार भ्यू टावर बनेपछि सूर्योदय र सूर्यास्त अवलोकन गर्न आउने आन्तरिक पर्यटकको सत्या बढ्दै गएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मोरङको खोर्सानेबाट करिब ३६ किलोमिटर उत्तरमा रहेको जेफाले डाँडाको मौसम अनौठो छ(छिनछिनमै कुहिरो लाग्ने, घाम लाग्ने र फेरि पानी पर्ने यहाँको विशेषता हो । वर्षभरि चिसो रहने मौसम नै जेफालेको मुख्य आकर्षण मानिन्छ ।

भ्यू टावरको दक्षिण-पश्चिममा रहेको पाथिभरा देवी मन्दिरले धार्मिक पर्यटकलाई पनि आकर्षित गरेको छ । वरपरका जङ्गलमा मृग, हरिण, बँदेल, खरायो र लोखर्के जस्ता वन्यजन्तु देख्न सकिन्छ । सामुदायिक वनले शिकारमा रोक लगाएपछि वन्यजन्तुको सत्या पनि बढेको स्थानीय बताउँछन् ।

## साहित्य

नेपाल लाईब्रेरी फाउण्डेशन गृह पुस्तकालय अभियान

# पुस्तक चर्चा तथा रचना वाचन कार्यक्रम सम्पन्न




दमक । नेपाल लाईब्रेरी फाउण्डेशन गृह पुस्तकालय अभियानले एक कार्यक्रमका बिच पुस्तक चर्चा र रचना वाचन कार्यक्रम सम्पन्न गरेको छ । दमक-६ स्थित जीवन चक्र समाजको कार्यलयमा भएको उक्त कार्यक्रममा पुस्तकालयलाई पुस्तक प्रदान गर्ने स्रष्टाहरूलाई धन्यबाद पत्र प्रदान गरिएको थियो भने गृह पुस्तकालय अभियानमा उत्कृष्ट कार्य गरेकोले झापा जिल्ला संयोजक डा. लेखनाथ न्यौपानेलाई सम्मान गरिएको थियो ।

नेपाल लाईब्रेरी फाउण्डेशनका महासचिव समेत रहेका कार्यक्रमका प्रमुख अतिथि धनकुमार श्रेष्ठ र गृह पुस्ताकालय अभियानका कोशी प्रदेश संयोजक माधवप्रसाद पोख्रेलले डा. न्यौपानेलाई प्रमाण पत्र दोसल्ला ओडाएर सम्मान गरेका थिए ।कार्यक्रममा कवि तथा साहित्यकार हेमनाथ अधिकारीले इजराएल निवासी युवाल नोहा हरारीको "सेपियन्स" पुस्तकको बारेमा चर्चा गरेका थिए ।कार्यक्रममा नेपाल लाईब्रेरी फाउण्डेशन गृह पुस्तकालय अभियान जिल्ला समिति झापाका पदाधिकारीहरूलाई पदिय दायित्वको जिम्मेवारीको प्रमाण पत्र प्रदान गरिएको थियो । जिम्मेवारी प्राप्त गर्नेहरूमा क्रमशः संयोजक डा.लेखनाथ न्यौपाने, सचिव ओमप्रसाद खनाल, सदस्यहरू विरेन्द्र खड्का,मेघनाथ बन्धु, दुर्गा खनाल काफ्ले, गणेशप्रसाद न्यौपाने, गणेश गौतम,विवेक दुलाल क्षेत्री, गोपालप्रसाद दहाल, भगवती दवाडी र हिमाल सुब्बा गुराश रहेका छन ।

कार्यक्रममा साहित्यकारहरू बिन्दु दहाल मुकदर्शक , यादवप्रसाद अधिकारी झाक्रिखोले,टंकप्रसाद पाठक,बाशुदेव काˆले,तिर्थ लामीछाने,मनकुमार मगर लगायतको उपस्थिति रहेको थियो ।उपस्थित साहित्यकारहरूबाट सुन्दर रचना वाचन गरिएको उक्त कार्यक्रमको सन्चालन नेपाल लाईब्रेरी फाउण्डेशन झापा शाखाका सचिव ओमप्रसाद खनालले गरेमा थिए ।

# विवाद र ऋणको बोझमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल



पोखरा । नेपालको महत्वाकांक्षी पूर्वाधार आयोजना मानिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अहिले विवाद, भ्रष्टाचार र आर्थिक बोझको केन्द्र बनेको छ । पर्यटकलाई सिधै पोखरा ल्याउने र काठमाडौंमाथिको हवाई चाप घटाउने लक्ष्यसहित निर्माण गरिएको यो विमानस्थल सञ्चालनमा आएको दुई वर्ष बितिसक्दा पनि अपेक्षाअनुसार अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजना सन् १९७० दशकदेखि सुरू भएको हो । लामो प्रतीक्षापछि सन् २०१४ मा नेपाल नागरिक उययन प्राधिकरण र चीनको चाइना सीएएमसी इन्जिनियरिङ कम्पनीबीच निर्माण सम्झौता भयो । त्यसपछि नेपाल सरकारले चीनको एक्जिम बैंकबाट करिब २४ करोड अमेरिकी डलर ऋण लिएर विमानस्थल निर्माण अघि बढायो ।

सरकारले सुरूमा करिब १६६ मिलियन डलर लागत अनुमान गरेको परियोजनाको खर्च पछि बढेर ३०५ मिलियन डलर पुगेको थियो । लागत अत्यधिक बढाइएको भन्दै अहिले चिनियाँ कम्पनी र नेपाली अधिकारीमाथि भ्रष्टाचार मुद्दा चलिरहेको छ । महालेखा परीक्षकको प्रतिवेदनले पनि निर्माण प्रक्रियामा अनियमितता भएको उल्लेख गरेको छ ।

विमानस्थल निर्माणका लागि लिएको ऋण नेपालका लागि ठूलो आर्थिक दबाब बनेको छ । नेपालले अबको केही वर्षभित्र चीनलाई ५२ अर्ब रूपैयाँभन्दा बढी सावाँ र ब्याज तिर्नुपर्नेछ । तर विमानस्थलले पर्याप्त आम्दानी गर्न सकेको छैन । सञ्चालनको पहिलो वर्षमै विमानस्थल ५५ करोड रूपैयाँ घाटामा गएको थियो । त्यसपछि पनि घाटा बढ्दो अवस्थामा छ ।

सबैभन्दा ठूलो समस्या भनेको नियमित अन्तर्राष्ट्रिय उडान नहुनु हो । सन् २०२३ मा उद्घाटन भएदेखि अहिले सम्म चीनबाट भएका केही चार्टर्ड उडानबाहेक अन्य नियमित अन्तर्राष्ट्रिय सेवा सञ्चालन हुन सकेको छैन । भारत लगायतका प्रमुख गन्तव्यसँग सिधा हवाई सम्पर्क नहुँदा विमानस्थल सुनसानजस्तै बनेको छ ।

विमानस्थलमा प्राविधिक समस्या पनि धेरै छन् । रनवे, ल्याण्डिङ सिस्टम, एयरडोम लाइट र मौसम निगरानी प्रणालीमा कमजोरी रहेको सरकारी अध्ययनले देखाएको छ । केही उपकरण बिग्रिए चीनबाटै सामान ल्याउनुपर्ने अवस्था छ । बर्खामा विमानस्थल क्षेत्रमा पानी जम्ने समस्या समेत रहेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार पर्याप्त अध्ययनबिना ठूलो ऋण लिएर विमानस्थल बनाउनु सरकारको कमजोरी हो । अन्तर्राष्ट्रिय एयरलाइन्सको बजार सम्भावना, पर्यटन प्रवाह र सञ्चालन रणनीति स्पष्ट नहुँदा परियोजना समस्यामा परेको विश्लेषण भइरहेको छ ।

यद्यपि पोखरा नेपालको प्रमुख पर्यटकीय केन्द्र भएकाले भविष्यमा सम्भावना भने अझै समाप्त भएको छैन । प्राविधिक समस्या समाधान गरेर भारत र चीनसँग नियमित उडानका लागि कूटनीतिक पहल गर्न सके विमानस्थललाई चलायमान बनाउन सकिने विज्ञहरूको सुझाव छ । अहिले भने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नेपाली विकासको सपना भन्दा बढी ऋण र विवादको प्रतीक बनेको देखिन्छ ।

## धर्मसंस्कृति

# मलमास शुरू

दमक/ प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आईतबार देखि सुरू भएको छ । आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताए ।

चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ । ज्योतिषका विद्वान् भास्कराचार्यले आˆनो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिएका छन् । जसमा भनिएको छ–

असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद् ।
द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित् ।।

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो । दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो । क्षयमास भने कहिले, कहिलेमात्र हुने गरेको छ । यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री पोखरेलले बताए । क्षयमास कार्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ ।

यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ । कार्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ । माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन । बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ । क्षयमास हुने वर्ष दुई अधिकमास नियमित समेत पर्छन् । यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन् । क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ ।

# गायिका बरालको नयाँ गीत सार्वजनिक

दमक । गायिका ईश्वरी बरालको नयाँ गीत 'दही दिन्छु मोही दिन्छु' सार्वजनिक भएको छ। गीतलाई दिपक शर्माको शब्द र संगीत भरेका छन् । ओएभ स्टुडियोमा रेकर्ड गरिएको उक्त गीतको एरेन्ज सविन सुवेदीले गरेका हुन् भने मिक्सिङ, मास्टरिङ नरेन्द्र वियोगीको रहेको छ ।

म्युजिक भिडियोको निर्देशन केशवराज भट्टले गरेका हुन्। भिडियोमा सुरेस कोली, शेखर घर्ती मगर, तिर्सना बराइली र बरालले नृत्य तथा अभिनय गरेका छन् ।

ठाडो भाका र झ्याउरेकोˆयुजन गरिएको लोक लयमा आधारित गीतको भिडियोमा कोरियोग्राफी पनि भट्टले नै गरेका हुन् भने सकायक कोरियोग्राफर नविन पौडेल रहेका छन् । लोकपप, आधुनिक र र्‍याप गीत गाउँदै आएकी बरालको लोक लयमा आधारित यो पहिलो गीत हो । उनका यसअघिका नरिसाउन होइ, खानदानी छोरी, माया छकि छैन, नैना रेसमलगायत गीतहरु सार्वजनिक भएका छन् ।

## स्वास्थ्य

# इबोला प्रकोपलाई डब्लूएचओले घोषणा गऱ्यो विश्व स्वास्थ्य संकटकाल



एजेन्सी । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले गणतन्त्र कंगोको पूर्वी इटुरी प्रान्तमा फैलिएको इबोला प्रकोपलाई अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य संकटकाल घोषणा गरेको छ ।

इबोला भाइरसको संक्रमणबाट हालसम्म ८० जनाको मृत्यु भइसकेको छ भने २४६ वटा शंकास्पद केसहरु फेला परेका छन् । यो प्रकोपले महामारीस्तरको आपत्कालीन मापदण्ड भने पूरा नगरेको बीबीसीले उल्लेख गरेको छ ।

डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयससले हाल संक्रमित व्यक्तिको वास्तविक संख्या र यो प्रकोपको भौगोलिक विस्तारबारे ठूलो अनिश्चितता रहेको चेतावनी दिएका छन् ।

संक्रमण तीव्र रूपमा फैलिँदै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ । कंगोका स्वास्थ्य मन्त्रीका अनुसार यो इबोलाका लागि हाल कुनै खोप उपलब्ध छैन । यस रोगको मृत्युदर करिब ५० प्रतिशतसम्म पुग्न सक्ने बताइएको छ ।

स्वास्थ्य सहायता संस्थाहरूले ठूलो मात्रामा सहयोग र उपचार टोली पठाउने तयारी गरिरहेका छन् । प्रारम्भिक बिरामी एक स्वास्थ्यकर्मी भएको बताइएको छ ।

स्थानीय मानिसहरूले उपचार केन्द्र र आइसोलेसनको अभावका कारण बिरामीहरु घरमै मृत्यु भइरहेको बताएका छन्, जसले रोग अझ फैलिने खतरा बढाएको छ । विश्व स्वास्थ्य संगठनले यो अवस्था अझै फैलिन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

## रोजगार

# फ्रि टिकट, फ्रि भिसाविरुद्ध लाग्ने म्यानपावरका एजेन्ट पक्राउ

दमक । झापाको दमकस्थित शाखामार्फत मलेसिया जान प्रक्रिया पूरा गरेका सप्तरीका अजय कुमार यादवसँग 'फ्रि भिसा, फ्रि टिकट' नीति विपरीत ३ लाख रूपैयाँ असुल्न खोजिएको घटनामा म्यानपावर कम्पनीका एक कर्मचारी पक्राउ परेका छन् । प्रहरीले काठमाडौंको तीनकुनेस्थित गैरीगाउँबाट नगद लिएर राहदानी तथा अन्य कागजात दिन खोजिरहेका बेला उनलाई नियन्त्रणमा लिएको हो ।

यादव मलेसियामा सेक्युरिटी गार्डको कामका लागि जाने तयारीमा थिए । उनले कोटेश्वरस्थित ग्रान्ड स्विट जब म्यानपावरको दमक शाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरेका थिए । सरकारको 'फ्रि भिसा, फ्रि टिकट' नीतिअनुसार मलेसिया जान अधिकतम १० हजार रूपैयाँमात्र शुल्क लाग्ने व्यवस्था भए पनि म्यानपावर कम्पनीले उनीसँग ३ लाख १० हजार रूपैयाँ माग गरेको पीडितको भनाइ छ । पछि १० हजार छुट गरिदिने भन्दै कम्पनीले ३ लाख रूपैयाँमा कुरा मिलाएको थियो ।

यसअघि नै यादवले ७० हजार रूपैयाँ नगद बुझाइसकेका थिए । उनकोˆलाइट वैशाख २९ गतेका लागि तय भए पनि बाँकी २ लाख २० हजार रूपैयाँ नतिरेसम्म राहदानी, श्रम स्वीकृति र हवाई टिकट नदिने भन्दै कम्पनीले रोकिदिएको थियो । त्यसपछि उनी ऋण खोजेर रकम जुटाउन दमकबाट रात्री बस चढेर शनिबार बिहान काठमाडौं पुगेका थिए ।

शनिबार बिहान म्यानपावर कम्पनीका एक कर्मचारीले फोन गरी पासपोर्ट र अन्य कागजात आफूसँग रहेको भन्दै तीनकुनेस्थित गैरीगाउँ पेट्रोलपम्प अगाडि पैसा लिएर आउन भनेका थिए । त्यतिबेलासम्म यादवले आफू ठगिएको गुनासो श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामजी यादवको सचिवालयमा गरिसकेका थिए ।

मन्त्री यादवका स्वकीय उपसचिव सरोज यादव प्रहरी र केही सञ्चारकर्मीसहित तीनकुने पुगेका थिए । प्रहरी टोली अजय र म्यानपावर कर्मचारी भेटिरहेको स्थानमा पुगेपछि ती कर्मचारीले सुरूमा पैसा मागेका थिए । अजयले राहदानी र कागजात पाएपछि मात्रै पैसा दिने बताएपछि केहीबेर विवाद भएको थियो । त्यसलगत्तै प्रहरीले ती कर्मचारीलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले पक्राउ परेका कर्मचारीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय पठाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा उनले 'फ्रि भिसा, फ्रि टिकट' नीतिअनुसार १० हजार रूपैयाँमै हुने कामका लागि ३ लाख रूपैयाँ मागिएको स्वीकार गरेको प्रहरी स्रोतले जनाएको छ ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
जेठ ०४ गते
सोमबार
18 May 2026
तिथि: द्वितीया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लेँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दुःख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पु ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | रा री रु रे रो ता ती तु ते | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | ये यो भा भी भु धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गु गे गो सा सी सु से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# दमकदेखि अन्धा राजारानीसम्म बृहत् पद यात्रा सम्पन्न




दमक । पर्यटकीय क्षेत्रमा निकै कमजोर दमकलाई पर्यटकीय स्थलको खोज, पहिचान र प्रवर्द्धनको खाँचो रहेको भन्दै दमक नगरपालिकाको सहयोगमा होटल व्यवसायी संघ दमकले बृहत पद यात्रा कार्यक्रम आइतबार सम्पन्न गरेको छ । दमक चोकबाट औपचारिकता दिँदै सो पद यात्रा सुरु गरिएको हो ।

होटल व्यवसायी महासंघ कोशीका अध्यक्ष राजन दंगालको अध्यक्षतामा आयोजित सो कार्यक्रमको प्रमुख अतिथि दमक नगरप्रमुख रामकुमार थापा थिए भने दमक उवा संघका अध्यक्ष गोपाल गुरागाई, होटल व्यवसायी संघ झापा जिल्ला अध्यक्ष इन्दिरा श्रेष्ठ, क्लब हिमालयन टाइगर दमक शाखाका अध्यक्ष खगेन्द्र बजगाई विभिन्न देशबाट उपस्थित सेफहरूलगायत पर्यटन र होटलसँग सम्बन्धित व्यक्तित्वहरू, सामाजिक अगुवा तथा बद्धिजीविहरूको बृहत उपस्थिति रहेको छ ।

सो पदयात्रा दमक २ को अन्धा राजारानीसम्म पुगेको छ । सो कार्यक्रममा नगरप्रमुख रामकुमार थापा, अध्यक्षता गरिरहेका राजन दंगाल र दउवा संघका अध्यक्ष गोपाल गुरागाईले स्वागत सम्मानसहितको मन्तव्य राखेका थिए ।

नेपाली उत्पादनबाट बनेका परिकारलाई विश्वसमुदायमा लैजान सेफहरूले गरेको प्रयत्न र प्रयासलाई समेत प्रवर्द्धन गर्ने उक्त पद यात्राको उद्देश्य रहेको वक्ताहरूले बताए ।

वक्ताहरूले दमकलाई पर्यटकीय हब बनाउन विभिन्न विचारहरू राखेका थिए । दमक नगरप्रमुख रामकुमार थापाले दमकलाई पर्यटकीय हबका लागि दमक-२ को शहिद बन बाटिका क्षेत्रमा ५० विगाहा जग्गाको व्यवस्थापनको प्रक्रिया अगाडि बढिसकेको र अब चाडै नै यो क्षेत्र दमकको आकर्षक पर्यटकीय स्थल बन्ने विश्वास दिलाए ।

औपचारिक रूपमा विस्तृत परियोजना सार्वजनिक नभए पनि दमक नगरपालिकाले "औद्योगिक, पर्यटकीय र हरित सहर" अवधारणाअन्तर्गत उक्त क्षेत्रलाई दीर्घकालीन रूपमा पर्यटन, व्यापार र सहरी विकाससँग जोड्ने सोच अघि सारेको छ ।

स्थानीय स्तरमा चर्चामा आएको अवधारणाअनुसार उक्त क्षेत्रमाः आधुनिक पार्क, मनोरञ्जन स्थल, बाल उद्यान, अपांग मैत्री, बृद्धबृद्धाका लागि आकर्षक र आनन्ददायी स्थल, व्यापारिक संरचना, हरियाली क्षेत्र, पैदलमार्ग, तालतलैया त्यसभित्रका आकर्षणक मनोरञ्जनात्मक खेल, खुला सार्वजनिक क्षेत्र जस्ता संरचना विकास गर्ने प्रारम्भिक सोच रहेको नगरप्रमुखले बताए । हुन त दमकमा भ्यू टावर, व्यापारिक कम्प्लेक्स र आसपासको सहरी विस्तारसँग जोडेर समग्र क्षेत्रलाई पर्यटन र व्यवसायिक केन्द्रका रूपमा विकास गर्ने रणनीति समेत रहेको छ ।

## चिनीमा भारतीय प्रतिबन्धले नेपाली बजार प्रभावित

भारत सरकारले सन् २०२६ को सेप्टेम्बरसम्म चिनी निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालमा चिनी अभाव र मूल्यवृद्धिको आशंका बढेको छ । नेपालले ठूलो परिमाणमा भारतबाट चिनी आयात गर्ने भएकाले उद्योगी तथा व्यवसायीहरू चिन्तित बनेका छन् ।

भारतले आन्तरिक उत्पादनले आफ्नै माग धान्न नसक्ने निष्कर्ष निकाल्दै निर्यात रोक लगाएको जनाएको छ । अघिल्लो वर्षको कम उत्पादन, 'एल निनो' को असर र बेमौसमी वर्षाका कारण उखु उत्पादन घटेपछि यस्तो निर्णय गरिएको हो । सन् २०२५-२६ मा भारतमा २ करोड ७५ लाख टन चिनी उत्पादन हुने अनुमान गरिए पनि माग २ करोड ८० लाख टन रहेको बताइएको छ ।

यसको असर नेपालमा पनि पर्ने उद्योगीहरूले बताएका छन् । विशेषगरी जुस, बिस्कुट र चकलेट उद्योग प्रभावित हुनसक्ने चिन्ता व्यक्त गरिएको छ । विराटनगरका उद्योगी सगुन बोहराले भारतमा उखु उत्पादन घटेकाले नेपालमा दीर्घकालीन असर पर्न सक्ने बताए ।

यद्यपि तत्काल अभाव र मूल्यवृद्धिको अवस्था नरहेको सरकारको दाबी छ । उद्योग मन्त्रालयका सहसचिव राजेश्वर ज्ञवाली का अनुसार नेपालसँग हाल पर्याप्त चिनी मौज्दात रहेको र आपूर्ति सहज बनाउन नेपाल चिनी उत्पादक संघसँग समन्वय भइरहेको छ ।

## गौरादह उवा संघमा ३० जनाको उम्मेदवारी

गौरादह उद्योग वाणिज्य संघको आगामी कार्यसमिति निर्वाचनका लागि ३० जनाले उम्मेदवारी दिएका छन्। निर्वाचन समितिले जेठ ९ गते हुने निर्वाचनका लागि मनोनयन दर्ता गरेका उम्मेदवारहरूको प्रारम्भिक नामावली सार्वजनिक गरेको हो।

प्रमुख निर्वाचन अधिकृत डिल्लीराम अधिकारी द्वारा जारी सूचनाअनुसार नामावलीउपर दाबी-विरोध भए तोकिएको समयभित्र निर्वाचन समितिमा निवेदन दिन सकिने व्यवस्था गरिएको छ।

अध्यक्ष पदका लागि ईश्वर कुमार खत्री, दिल बहादुर अधिकारी र प्रकाश बास्कोटा प्रतिस्पर्धामा छन्। प्रथम उपाध्यक्षमा तारा कुमार श्रेष्ठ र भानु सुवेदी, द्वितीय उपाध्यक्षमा अनिश कार्की र मातृका भट्टराई तथा तृतीय उपाध्यक्षमा प्रेमबहादुर बस्नेत र शरदकुमार थापा उम्मेदवार बनेका छन्।

महासचिव पदमा परमेश्वर शाह र हरिचन्द्र अधिकारीबीच प्रतिस्पर्धा हुने भएको छ भने कोषाध्यक्ष पदमा दीपककुमार उप्रेती र दुर्गाप्रसाद शाह उम्मेदवार रहेका छन्। सदस्य (खुला) र महिला सदस्यतर्फ पनि विभिन्न व्यवसायीहरूले उम्मेदवारी दर्ता गराएका छन्।

आसन्न निर्वाचनमा ६ सय ४४ मतदाताले नयाँ कार्यसमिति चयन गर्नेछन्। स्थानीय व्यवसायीहरूले निर्वाचनलाई चासोका साथ हेरिरहेका छन्। आगामी नेतृत्वले व्यवसायिक हित, संघको विकास र व्यापारिक क्षेत्रको भविष्य निर्धारण गर्ने भएकाले उम्मेदवारबीचको प्रतिस्पर्धा रोचक बन्ने अपेक्षा गरिएको छ।

खेलकुद

## गछिया गोल्डकपको आय-व्यय सार्वजनिक




गछिया (मोरङ) । मोरङको सुन्दरहरैंचा नगरपालिका-३ गछियामा आयोजित अन्तर्राष्ट्रिय आमन्त्रण एनी प्रथम गछिया गोल्डकप २०८२ को आय-व्यय सार्वजनिक गरिएको छ। गछियास्थित एसएस क्याफे एन्ड रेष्ट्रोमा आयोजित कार्यक्रममा आयोजक गछिया युवा समाज ले प्रतियोगिताको आर्थिक विवरणसँगै समिक्षा कार्यक्रम सम्पन्न गरेको हो।

गत मंसिर १५ गतेदेखि सञ्चालन भएको प्रतियोगिताले स्थानीय तथा प्रदेशस्तरमा उल्लेखनीय चर्चा बटुलेको आयोजकले जनाएको छ। प्रतियोगिताले युवामा खेलकुदप्रतिको आकर्षण बढाउनुका साथै गछियाको पहिचान विस्तार गर्न सफल भएको कार्यक्रममा सहभागीहरूले बताएका छन्।

आयोजक समितिका अनुसार विभिन्न संघ-संस्था, प्रायोजक, स्थानीय तह, टिकट बिक्री तथा सिजनल पासमार्फत कुल ५० लाख २५ हजार ३ सय ३८ रूपैयाँ आम्दानी भएको छ। प्रतियोगिता सञ्चालन, खेलाडी आवास, पुरस्कार वितरण, प्रचार-प्रसारलगायतमा ४२ लाख ५७ हजार ३ सय ७० रूपैयाँ खर्च भएको जानकारी दिइएको छ। साथै ७ लाख ६ हजार रूपैयाँ उठ्न बाँकी रहेको र रेडबुल कम्पनीबाट १६ कार्टुन सहयोग प्राप्त भएको जनाइएको छ।

कार्यक्रममा खेल संयोजक प्रलाहद थोप्रा ले पहिलो संस्करण अपेक्षाभन्दा सफल भएको बताए। सीमित अनुभव र चुनौतीका बीच स्थानीय खेलप्रेमी, व्यवसायी, प्रायोजक तथा दर्शकको सहयोगले प्रतियोगिता सफल बनाउन सम्भव भएको उनको भनाइ थियो। गछिया युवा समाजका अध्यक्ष सरोज दाहाल ले पारदर्शितालाई प्राथमिकता दिँदै सार्वजनिक रूपमा आय-व्यय विवरण प्रस्तुत गरिएको बताए। सह-संयोजक मनोज राई ले गछिया खेल मैदानलाई "सजीलाल अन्तर्राष्ट्रिय रंगशाला"का रूपमा विकास गर्न पहल आवश्यक रहेको धारणा राखे।

आयोजकले आगामी संस्करणलाई अझ भव्य र अन्तर्राष्ट्रिय स्तरको बनाउने तयारी थालेको जनाएको छ।

## मिक्लाजुङमा राउटे संस्कृतिको मेला

उर्लाबारी । घुमन्ते सभ्यता बोकेको लोपोन्मुख राउटे समुदायको संस्कार, भाषा र संस्कृतिबारे जानकारी गराउने उद्देश्यले मोरङको मिक्लाजुङ गाउँपालिका(३ नेसेलुङमा विशेष मेला सञ्चालन गरिएको छ । कर्णाली प्रदेशबाट आएका करिब २५ जना राउटे समुदायका सदस्यहरूको सहभागितामा आयोजित मेलाप्रति पूर्वका स्थानीयवासीमा विशेष आकर्षण देखिएको छ ।

मेलामा राउटे समुदायले परम्परागत रूपमा प्रयोग गर्दै आएका तथा निर्माण गर्ने काठका सामग्रीहरूको प्रदर्शन र बिक्री वितरण गरिएको छ । राउटे समुदायको जीवनशैली, संस्कृति र परम्परागत सीपलाई नजिकबाट अवलोकन गर्ने अवसर मिलेपछि मेलामा सहभागी हुनेको संख्या बढ्दै गएको छ ।

नेसेलुङ पर्यटन समितिका अध्यक्ष खगेन्द्र मादेनले मेला एक सातासम्म सञ्चालन गर्ने लक्ष्य राखिएको बताए । उनले राउटे समुदायको मौलिक पहिचानलाई पूर्वी नेपालका नागरिकसम्म परिचित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी गराए ।

**प्रधानमन्त्री....**उनीहरू समस्यामा परेका हुन् ।

नेपाली चियाको एक मात्र अन्तर्राष्ट्रिय बजार भारततिर चिया पठाउने मुख्य समयमै १५ दिनदेखि निर्यात ठप्प हुँदा किसान तथा उद्यमीहरू संकटमा परेको र उत्पादित चियाको पनि गुणस्तर बिग्रने अवस्था आउन लागेको भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन् ।

बोर्ड नेतृत्व बिहिन

चिया क्षेत्रको प्रतिनिधीत्व गर्ने उच्च स्तरीय सरकारी निकाय अहिले नेतृत्व विहिन छ । अध्यादेश ल्याएर चिया तथा कफी विकास बोर्डको नेतृत्व हटाएको सरकारले नयाँ नेतृत्व चयन गरेको छैन । भारतीय अवरोध सुरु भएका बेला समस्या समाधानको पहल नगर्ने, समस्या सुन्न समय नदिने र चिया तथा कफी विकास बोर्ड पनि नेतृत्वविहीन पार्ने सरकारी कदमले चिया उद्योग जुनसुकै बेला बन्द हुने अवस्थामा पुगेको उद्योगीहरूले बताएका छन् । वार्षिक साढे चार अर्ब रूपैयाँभन्दा बढी विदेशी मुद्रा नेपाल भित्र्याउने चिया क्षेत्रमा आएको नयाँ समस्या समाधानमा सरकार मूकदर्शक बनेको भन्दै उद्योगीहरु निराश बनेका छन् ।

चिया निर्यातमा उत्पन्न भारतीय अवरोध खुलाउन सरकारी तहबाट ठोस प्रयास हुन नसकेको उद्यमीहरूको गुनासो छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता सहसचिव नेत्रप्रसाद सुवेदीले भने यसबारे सरोकारवालाहरूसँग छलफल गरेको बताएका छन् । तर समस्या समाधान हुन सकेको छैन ।

लामो र झण्झटिलो नियम

मे १ देखि प्रत्येक गाडी चियाको नमूना संकलन गर्ने र कोलकातामा परीक्षण भएर रिपोर्ट आउनै दुई साता लाग्ने भएको छ । भारतले नयाँ नियम लगाएपछि नेपाली पक्षले एक साताअघि एउटा गाडी भारत पठाएको छ। तयारी चिया बोकेर भारतीय नाका पानीट्यांकी पुगेको गाडी एक सातादेखि त्यहाँ खुला सडकमा रोकिएको छ । चार दिनपछि संकलित नमूनाको रिपोर्ट कहिले आउने कुनै टुंगो छैन । भारतमा वार्षिक सरदर १५० करोड केजी तयारी चिया उत्पादन हुन्छ । यसको तुलनामा नेपालबाट भारत पुग्ने चिया न्युन परिमाण हो । तर त्यही थोरै परिमाणको चिया पनि भारतीय उद्योगीको दबाबमा सरकारले रोकेको नेपाली पक्षको आरोप छ । नेपालका चिया उद्योगीहरु प्रयोगशाला परीक्षणप्रति आफूहरूलाई कुनै आपत्ति नभएको बताउँछन् । तर भारत सरकारले तोकेको प्रयोगशालाबाट रिपोर्ट आउन १५ देखि २५ दिनसम्म लाग्ने भए पछि समस्यामा पर्नु परेको इलामका चिया उद्यमी ज्ञानी लिम्बूको भनाई छ । रिपोर्ट आउने बेला सम्म चिया बोकेको गाडी पानीट्यांकीको खुला सडकमा राख्नुपर्ने बाध्यता छ । भारतीय पक्षले रिपोर्ट नआउञ्जेल चिया बोकेको गाडीलाई बोर्डरमै रोकेर राख्नुपर्ने भनेपछि गाडीमै हप्तौं थन्किँदा चियाको गुणस्तर खस्कने र ठूलो आर्थिक नोक्सानी हुने उद्योगीहरु बताउँछन् ।

मुख्य बजारनै भारत

नेपालमा वार्षिक रूपमा उत्पादन हुने करिब ७० लाख किलो अर्थोडक्स चियामध्ये इलाममा मात्रै ४० देखि ४५ लाख किलो उत्पादन हुन्छ । नेपालमा अहिले साना( ठूला गरी १२० हाराहारी चिया उद्योग छन् । त्यस्तै, १०० भन्दा बढी साना(मझौला उद्यमी सक्रिय छन्, जहाँ किसान र श्रमिक गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ५० देखि ६० हजार मानिसले रोजगारी पाएका छन् । अघिल्लो वर्ष मात्रै सिटिसी र अर्थोडक्स गरी कुल ४ अर्ब ७५ करोड रूपैयाँ बराबरको चिया निर्यात भएको थियो । अहिले भारतको नयाँ नीति पूर्ण रूपमा लागू भए नेपालको कुनै पनि चिया उद्योग टिक्न नसकने अवस्था सिर्जना भएको उद्योगीहरु बताउँछन् । नेपालको चियाको एक मात्र बिदेशी बजार भारत रहेको चिया उद्योगी दिनेश अग्रवालले बताए । त्यसैले सिंगो चिया क्षेत्रको भविष्य सरकारको कूटनीतिक पहलमा निर्भर रहेको उनले जनाए । हाल नेपालभर २० हजार ६०२ हेक्टर क्षेत्रफलमा चिया खेती विस्तार भएको छ । नेपाली चियाको मुख्य बजार भारत नै हो, जहाँ ९० प्रतिशत अर्थोडक्स र झन्डै आधा सिटिसी चिया जाने गर्छ ।

**कूलो...**आरोपमा धनबहादुर तामाङ उर्फ धने र सोमबहादुर तामाङ उर्फ माइला पक्राउ परेका छन्। उनीहरूलाई धादिङबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका डीएसपी द्यष्पचक ीकब ले जानकारी दिएका छन्।

प्रहरीका अनुसार आरोपितहरूले बाटोमा कुरेर भरूवा बन्दुक प्रहार गरेका थिए। सूर्यमानको छातीमा गोली लागेको थियो भने समराजको टाउकोमा बन्दुकको बटले प्रहार गरिएको अनुसन्धानबाट खुलेको छ।

**दुर्घटना....**ढुंगानालाई निम्स अस्पताल दमकमा ल्याई सामान्य उपचारपश्चात थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएकोमा राति उपचारको क्रममा उनको मृत्यु भएको हो ।

मोटरसाइकल चालक सोही ठाउँ बस्ने बर्ष ३५ का लुडो सतार र मोटरसाइकल इलाका प्रहरी कार्यालय दमकको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**सिंहदेवी....**तालिम ३ महिनासम्म चल्ने छ ।

विद्युत बाईरिङको आधारभुत तालिमसंगै निकट भबिष्यमा परम्परागत सीप बिकासका लागि नगरपालिकाको रु ४० हजारको आर्थिक सहयोगबाट कक्षा ६ देखि माथिका बिद्यार्थीहरूलाई बाँसजन्य सामाग्री निर्माणको तालिम दिन लागिएको जनाइएको छ ।

बिद्यालयस्तरबाटनै सञ्चालन गरिएका यस्ता तालिमले बिद्यार्थीलाई सैद्धान्तिक शिक्षा संगै ब्यबहारिक ज्ञान प्राप्त गरी आत्मनिर्भर बन्न सहयोग पुग्ने आशा गरिएको छ ।

हाल यो बिद्यालयमा कक्षा शिशुदेखि १२ सम्ममा ५ सय ५० जनाको हाराहारीमा बिद्यार्थीहरू अध्ययनरत रहेको बिद्यालयले जनाएको छ ।

**संगठन...**(उदयपुर) निर्वाचित भएका छन् । प्रवक्तामा अभिनास लिम्बु (तेह्रथुम) तथा सह(प्रवक्तामा अमर लुहार (ताप्लेजुङ) र हेम केलाङ (पाँचथर) चयन भएका छन् । कार्यक्रममा १३३ जना प्रदेश सदस्य समेत निर्वाचित भएको जनाइएको छ ।

यस्तै श्रम संस्कृति पार्टी मोरङ जिल्ला कार्य समिति पनि चयन गरेको छ । समितिको अध्यक्षमा कुल बहादुर लिम्बू चयन भएका छन् भने उपाध्यक्षमा शान्ति बस्नेत र सन्जय क्रान्तिकारी रहेका छन् । त्यसैगरी सचिवमा धर्मराज राई, कोषाध्यक्षमा मोहम्मद जविउल्ला तथा सहसचिवमा मोहन मादेन लिम्बू चयन भएका छन् ।

समितिमा अशोक राई लगायत विभिन्न पालिकाबाट प्रतिनिधित्व गर्ने गरी ३५ जना नेतृत्वसहितको टिम गठन गरिएको जनाइएको छ । नवगठित कार्य समितिले श्रमिक अधिकार, सांस्कृतिक संरक्षण तथा संगठन विस्तारलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

**एमाले...**कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) नेपाली समाजको यथार्थमा आधारित मौलिक राजनीतिक विचार भएको बताएकी छन् । उनले स्वर्गीय मदन भण्डारी र जीवराज आश्रितले नेपाली कम्युनिष्ट आन्दोलनलाई संगठनात्मक उचाइमा मात्र नभई वैचारिक स्पष्टता र जनमुखी राजनीतिक संस्कारको नयाँ चरणमा पुर्‍याएको उल्लेख गरिन् । उनले राजनीति जनताको जीवनसँग जोडिएको विषय भएको भन्दै जनताको विश्वासबाट निर्देशित हुनुपर्ने मान्यतालाई मदन भण्डारी र जीवराज आश्रितले अझ गहिरो बनाएको बताइन् ।

भण्डारीले एमालेले मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरेको जनताको बहुदलीय जनवाद नेपाली समाजको यथार्थमा आधारित मौलिक राजनीतिक विचार रहेको उल्लेख गर्दै यसलाई नेपालमा मार्क्सवाद सिर्जनात्मक प्रयोगका रूपमा आत्मसात गरिएको बताइन् ।

**महाधिवेशन...**अनुसार जेठ २८ र २९ गते केन्द्रीय कार्यसमितिको बैठक बोलाउने निर्णय भएको छ। आमनिर्वाचनका कारण स्थगित रहेका स्थानीय तथा जिल्ला अधिवेशनका कार्यक्रमलाई निरन्तरता दिने निर्णय पनि पार्टीले गरेको छ ।

बैठकले महामन्त्री एवं सचिवालय प्रमुख राजेन्द्र गुरूङद्वारा प्रस्तुत हालै सम्पन्न निर्वाचनका सम्बन्धमा सातवटै प्रदेशमा भएको समीक्षा बैठकको सुझावसहितको प्रतिवेदनलाई परिमार्जनसहित आगामी कार्यसम्पादन समिति बैठकमा र त्यसपछि केन्द्रीय कार्यसमिति बैठकमा पेस गर्ने निर्णय गरेको छ ।

प्रवक्ता श्रेष्ठका अनुसार निकट भविष्यमा पार्टीको महाधिवेशन हुने भएकाले विधानबमोजिम सबै स्थानीय तह, क्षेत्र, प्रदेश सभा क्षेत्र, जिल्ला एवं प्रदेशको अधिवेशनमा दत्तचित्त भएर जुट्न पार्टी पंक्तिलाई बैठकले आह्वान गरेको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

आमा डेन्टल केयर प्रा. लि.
स्थापनाको १० औं वार्षिकात्सवको
सुअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरूका लागि विशेष अफर प्रादान गर्दछौं ।
१) निःशुल्क ओपिडी सेवा ।
२) डेन्टल एक्रेमा ५० प्रतिशत छुट ।
३) सबै किसिमका दन्त उपचार सेवामा २० प्रतिशत छुट ।
दमक–६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816
हाम्रा उपलब्ध डाक्टरहरु
१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।
❖ नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
❖ हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
❖ फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
❖ जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
❖ पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
❖ जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
❖ सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।
हिमाल हाम्रो पहिचान र गौरवको आधार।
नेपाल सरकार विज्ञापन बोर्ड

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com